# नागरिक लगानी कोष
# नयाँ बानेश्वर, काठमाण्डौ ।

## नागरिक पेन्सन योजना संचालन कार्यविधि, २०७६

**संचालक समितिबाट स्विकृत मितिः २०७६।११।२३**
***पहिलो संशोधन मितिः २०७७।१०।०५**
**# दोस्रो संशोधन मितिः २०७९।०७।१६**
**०तेस्रो संशोधन मितिः २०८३।०१।०३**

सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गर्ने, त्यस्ता वचतलाई देशको आर्थिक विकासमा परिचालन गर्ने र सक्रिय जीवनकालमा जम्मा गरेको रकमबाट बचतकर्ताको जीवनयापनलाई सहजीकरण गर्ने उद्देश्यले कोषको बचत कार्यक्रमको दायरामा नसमेटिएका नेपाली नागरिकलाई आवद्ध गराई बृहत रुपमा “नागरिक पेन्सन योजना” संचालन र व्यवस्थापन गर्न नागरिक लगानी कोष (व्यवस्थापन) विनियमावली, २०४८ को विनियम ३२ ले दिएको अधिकार प्रयोग गरी नागरिक लगानी कोषको संचालक समितिले देहायको कार्यविधि स्वीकृति गरी लागु गरेको छ ।

### परिच्छेद १

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१.१) यस कार्यविधिको नाम “नागरिक पेन्सन योजना संचालन कार्यविधि, २०७६“ रहेको छ

(१.२) यो कार्यविधि संचालक समितिले स्विकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा :

(क) “ऐन” भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ सम्झनु पर्छ ।

(ख) “कोष” भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापित नागरिक लगानी कोष सम्झनु पर्छ ।

(ग) “विनियमावली” भन्नाले नागरिक लगानी कोष (व्यवस्थापन) विनियमावली, २०४८ सम्झनु पर्छ ।

(घ) “योजना” भन्नाले यस कार्यविधि बमोजिम कोषले संचालन गरेको नागरिक पेन्सन योजना, २०७६ लाई सम्झनु पर्छ ।

(ङ) “सहभागी” भन्नाले योजनामा रकम जम्मा गरी सहभागीका रुपमा दर्ता हुने व्यक्ति सम्झनु पर्छ ।

(च) “प्रतिफल” भन्नाले योजनाका सहभागीहरुलाई दिइने ब्याज, मुनाफा वा लाभांश समेत सम्झनु पर्छ ।

(छ) “पारिश्रमिक” भन्नाले सहभागीले प्राप्त गर्ने ज्याला, तलब, बिदा बापतको रकम, अतिरिक्त समय काम गरे बापतको रकम, पारिश्रमिक, सेवा शुल्क, कमिशन, पुरस्कार, उपहार, बोनस र अन्य सुबिधा बापतको भुक्तानी रकम सम्झनु पर्छ र सो शब्दले आयकर प्रयोजनको लागि आय गणना गर्दा समाबेश गर्नुपर्ने अन्य सम्पूर्ण रकम तथा सुबिधाको रकम समेतलाई जनाउने छ ।

(ज) “व्यवस्थापन शुल्क” भन्नाले कोषले न्यासधारी (Trustee) को रुपमा प्रवन्ध सेवा प्रदान गरे बापत लिईने शुल्कलाई सम्झनु पर्छ ।

(झ) “सुरक्षा कोष” भन्नाले सहभागीलाई दुर्घटना बीमा, मृत्यु संस्कार, औषधी उपचार जस्ता सामाजिक सुरक्षाको सुविधाहरु दिन स्थापना गरिएको कोषलाई सम्झनु पर्छ ।

(ञ) “वास्तविक खर्च” भन्नाले सहभागीले जम्मा गरेको रकममा दिइने ब्याज र योजना प्रबर्द्धन गर्न लाग्ने प्रत्यक्ष खर्चलाई सम्झनु पर्छ ।

(ट) *“स्वरोजगार” भन्नाले श्रम, सिप, ज्ञान, साधन, शैली, पूँजि, उद्योग, ब्यापार ब्यवसाय तथा बैदेशिक रोजगारीबाट समेत आय आर्जन गर्ने ब्यक्तीलाई सम्झनु पर्छ ।

(ठ) *“समिति” भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ (दोश्रो संशोधन सहित) को दफा २५ बमोजिम गठन भएको कोषको सञ्चालक समिति सम्झनु पर्छ ।

(ड) * “उप-समिति” भन्नाले नागरिक पेन्सन योजना कार्यविधि, २०७६ को नियम १२ को उपनियम (१) अनुसार गठित न्यासधारी उपसमितिलाई जनाउँदछ ।

(ढ) ०“दुर्घटना” भन्नाले यस कार्यविधिको दफा १७ को उपदफा (९) को (क) (अ) मा उल्लेख भएको अवस्था सम्झनु पर्छ ।

(ण) ०“अङ्गभङ्ग” भन्नाले यस कार्यविधिको दफा १७ को उपदफा (९) को (क) (आ) मा उल्लेख भएको अवस्था सम्झनु पर्छ ।

(त) ०“काजकिरिया खर्च” भन्नाले यस कार्यविधिको दफा १७ को उपदफा (९) को (ख) वमोजिम भुक्तानी गरिने खर्च समेत सम्झनु पर्छ ।

## परिच्छेद २

## <u>सहभागिता सम्बन्धी व्यवस्था</u>

३.०**<u>सहभागीता</u> :** यस योजनामा आय आर्जन गर्ने सर्वसाधारण, प्रचलित कानून बमोजिम स्थापना भएका संघ, संस्था एवंम् प्रतिष्ठानमा कार्यरत श्रमिक/कर्मचारी, वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक तथा गैर आवासिय नेपाली नागरिक सहभागी हुन सक्नेछन् । साथै, बाबु आमा आफु संरक्षक भई आफ्नो आयबाट वचत गर्ने गरी नाबालक छोराछोरीलाई समेत यस योजनामा सहभागि गराउन सक्नेछन् ।

४.०**<u>बचत गर्न सकिने सीमा</u>** : <u>यस कार्यक्रममा सहभागी हुने बचतकर्ताहरुले न्यूनतम मासिक रु. ५००।- देखि अधिकतम आम्दानीको क्षमता अनुसार जम्मा गर्न सक्नेछन् । बचतकर्ताको आम्दानीको आधारमा मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिक रुपमा रकम बुझाउन सकिनेछ। यस्तो किस्ता बुझाउँदा मासिक रु.५००।- भन्दा कम नहुने गरी बुझाउनु पर्नेछ ।</u>

५.०**<u>किस्ता रकम नियमित बुझाउनु पर्ने</u>** : सहभागीले आफूले छनौट गरेको किस्ता अनुसारको रकम नियमित रुपमा बुझाउनु पर्नेछ ।

६.०**<u>योजनाबाट अलग हुने अवस्था</u>** : बचतकर्ताको आयस्रोत गुमेमा वा अशक्तताको कारणले आयआर्जन गर्न असक्षम भएमा वा वसाई सरी अन्य मुलुकमा गएको खण्डमा वा वचतकर्ताले उल्लेख गरेको अन्य कारण कोषलाई मनासिव लागेमा यस योजनाबाट अलग हुन सकिने छ । यसरी योजनाबाट अलग हुँदा बचतकर्ताहरुले शर्त बमोजिम नियमित रुपमा बचत गरेको कम्तीमा २ वर्ष पुरा भएको हुनु पर्नेछ । यस्तो अवस्थामा बचतकर्ताका नाममा जम्मा रहेको सम्पूर्ण रकम भुक्तानी गरिने छ ।

७. **<u>पेन्सन पाउन योग्य हुन अवस्था</u>** : (१) पेन्सन प्राप्त गर्न बचतकर्ताको उमेर साठी वर्ष पुरा भएको र कम्तीमा १५ वर्ष योगदान गरेको हुनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बचतकर्ताले १५ वर्षको बचत नगर्दै साठी वर्ष उमेर पुरा भएको रहेछ भने त्यस्तो बचतकर्ताले निजले कोषमा जम्मा गरेको रकम र त्यसको ब्याज र प्रतिफल समेत एकमुष्ठ भूक्तानी लिने वा पेन्सनको रुपमा भूक्तानी लिन सक्नेछन।

(३) कोषको अन्य योजनामा जम्मा भएको वा सहभागीको पारिश्रमिक वा स्वरोजगारीबाट आर्जित रकम एकमुष्ट रुपमा तोकिएको *<u>न्यूनतम किस्ताले हुने</u> रकम जम्मा गर्ने सहभागीले समेत यस योजनामा सहभागी हुन सक्नेछन । यसरी सहभागी हुने बचतकर्ता ६० वर्ष पुरा भए पछि पेन्सन पाउन योग्य हुनेछन् ।

८. **<u>पेन्सन गणना विधि</u>** : सहभागीले गरेको बचत, त्यसको ब्याज र कोषको लगानीवाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल रकमलाई १७० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर पेन्सन पाउनेछन ।

९. **<u>पति वा पत्नीले पेन्सन पाउने</u>** : (१) दफा ७ बमोजिम पेन्सन पाउन योग्य सहभागीले पेन्सन प्राप्त गर्न शुरु गरेपछि निजको मृत्यु भएमा मृतकका पति वा पत्नीलाई निजले पाइरहेको रकम वरावर नै पारिवारिक पेन्सन प्रदान गरिनेछ । तर, सहभागीसँग निजको अंशबण्डा भएको भए वा वैवाहिक सम्बन्ध कायम नरहेको अवस्थामा यो सुविधा प्रदान गरिने छैन ।

(२) बचतकर्ताको निबृतिभरण शुरु भएपछि निज र निजको श्रीमान वा श्रीमति दुबैको मृत्य भएमा कोषमा सम्बन्धित ब्यक्तिका नाममा बाँकी रहेको बचत रकम निजहरुको कानुनी हकदारलाई प्रदान गरिनेछ ।

१०. कुनै बचतकर्ताको निबृतिभरण प्राप्त गर्ने उमेर नपुग्दै मृत्यु भएमा निजको नजिकको हकवालालाई निजले जम्मा गरेको रकम, त्यसको ब्याज र प्रतिफल समेत एकमुष्ट रुपमा प्रदान गरिने छ ।

११. नेपाल सरकार वा अन्यत्रबाट पेन्सन पाइरहेको व्यक्तिले कोषमा योगदान गरी निवृत्तिभरणको लागि योग्य भएमा कोषबाट पेन्सन लिन बाधा पर्ने छैन ।

## परिच्छेदः ३

## योजना व्यवस्थापन

१२. (१) यस योजना अर्न्तगत सर्वसाधारण नागरिकबाट संकलन गरिएको बचतबाट छुट्टै कोष बनाईनेछ । यो कोषको संचालन गर्दा नागरिक लगानी कोषले न्यासधारीको हैसियतले सेवाहरु उपलब्ध गराउने छ । कोषलाई व्यवस्थित रुपले संचालन गर्न देहाय बमोजिमको न्यासधारी उप समिति गठन गरिनेछ ।

(क) कोषको संचालक समितिले तोकेका एक जना संचालक - संयोजक

(ख) कोषको कार्यकारी निर्देशक - सदस्य

(ग) नेपाल सरकार, अर्थ मन्त्रालयले मनोनयन गरेको प्रतिनिधि एक जना - सदस्य

#(घ) संचालक समितिले मनोनयन गरेको विज्ञ एक जना - सदस्य

*(ङ) सम्बन्धित महाशाखा / शाखा प्रमुख - सदस्य सचिब

*(२) उपसमितिले बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रित गर्न सकिने छ ।

(३) न्यासधारी उप समितिको बैंठक कम्तिमा प्रत्येक त्रैमासमा न्यूनतम १ पटक र बर्षमा अधिकतम १२ पटक बस्न सक्नेछ ।

(४) बैंठक भत्ता कोषको आर्थिक कार्यविधि विनियमावली, २०६८ को नियम ६६ बमोजिम हुनेछ ।

## १३. * न्यासधारी उप-समितिको काम, कर्तव्य र अधिकार :

(क) योजनाको लेखा नीति तर्जुमा गर्ने ।

(ख) योजनाका दायित्व निर्धारण गर्ने र वासलात तथा नाफा नोक्सान हिसाव लगायतको वित्तीय विवरणहरु तयार गरी समितिमा पेश गर्ने ।

(ग) योजनाका लेखापरीक्षण गराउने र लेखापरीक्षकले औंल्याएका कैफियतहरुमा सुधार गर्ने तथा फछ्र्यौट गर्ने

(घ) कोषको लगानी नीति बमोजिम बचत संकलन र लगानीको नियमित जानकारी लिई समिति समक्ष प्रतिवेदन पेश गर्ने । साथै, उपसमितिको बैठकको निर्णयहरु समितिलाई जानकारी गराउने ।

(ङ) यस योजना अन्तर्गत परिचालन हुने स्रोत र लगानी गरिने रकमको अन्तर विश्लेषण ( Gap Analysis) गर्ने ।

(च) जोखिम विश्लेषण गर्ने एवं जोखिम न्यूनीकरण गर्ने उपायहरुको अबलम्बन गर्ने गराउने व्यवस्था मिलाउने ।

(छ) जोखिम भारित आय (Risk Weightage Return) गणना गर्ने ।

(ज) योजना अन्तर्गत सहभागीलाई प्रदान गरिने ब्याजदर निर्धारण र प्रतिफल बाँडफाँड गर्न आवश्यक सुझाव सहित समितिमा पेश गर्ने ।

(झ) पेन्सन भूक्तानी पद्धति र प्रक्रिया निर्माण गरी लागु गर्ने ।

(ञ) यस योजनाको समय समयमा बीमाङ्किय मूल्याङ्कन गरी प्रतिफल दर, सहभागीलाई सुविधा र निबृतिभरण गणना विधि निर्धारण गरी सुझाव सहित समितिमा पेश गर्ने ।

(ट) योजनाको दायरा फराकिलो बनाउन प्रबर्द्धनात्मक कार्यको व्यवस्था गर्ने ।

(ठ) योजना संचालन गर्दा आईपर्ने कानुनी तथा वित्तीय समस्याहरु निराकरण गर्ने ।

(ड) योजनाको प्रगति समिक्षा गर्ने ।

(ढ) योजना संचालन सम्बन्धी आवश्यक व्यवस्था परिमार्जन गर्न समिति समक्ष सुझाव पेश गर्ने ।

(ण) योजनाका संचालनका लागि आवश्यकता अनुसार अनुसूचीहरुको परिमार्जन/परिवर्तन गर्ने ।

(त) कोष संचालक समितिले समय समयमा तोकिदिएको अन्य कार्यहरु गर्ने ।

## १४. कोष व्यवस्थापन खर्च :

(१) कोषले योजना संचालन गरी न्यासधारी (Trustee) को रुपमा लगानी प्रवन्ध सेवा प्रदान गरे बापत कूल योजना कोष रकमको प्रत्येक आ.ब.मा ०.५ (शुन्य दशमलव पाँच) प्रतिशत वा कुल आयको ५ प्रतिशत जुन घटी हुन्छ सो रकम कोषले सेवा शुल्क वापत कट्टी गरी लिनेछ ।

## १५. योजनामा रकम जम्मा गर्ने विधि :

(१) सहभागी बचतकर्ताले जम्मा गर्नु पर्ने रकम कोषले तोकेको बैंक खातामा भौचर मार्फत वा बिद्युतिय भूक्तानी (Electronic Payment) मार्फत जम्मा गर्न सक्नेछन । बचतकर्ताले बैंकमा रकम दाखिला गरेपछि सोको जानकारी कोषलाई दिनु पर्ने छ । कोषद्वारा तोकिएको खातामा रकम जम्मा नभएमा उक्त रकम प्रति कोषका कुनै दायित्व रहने छैन ।

(२) कोषमा रकम जम्मा गर्दा सम्बन्धित सहभागी बचतकर्ताको नाम र कोषले प्रदान गरेको परिचय नम्बर अनिवार्य रुपले उल्लेख गर्नु पर्ने छ ।

(३) रकम जम्मा गर्दा आफ्नो सही नाम र कोषले प्रदान गरेको परिचय नम्बर उल्लेख गर्न पर्ने दायित्व सम्बन्धित बचतकर्ताको हुनेछ । गलत नाम वा परिचय नम्बर उल्लेख भई रकम जम्मा भएमा त्यसको जिम्मेवारी कोषले लिने छैन ।

## १६. कोषमा जम्मा भएको रकममा ब्याज तथा प्रतिफल दिइने :

(१) योजना अन्तर्गत कोषमा जम्मा भएको रकममा समितिले समय समयमा निर्धारण गरे अनुसार दैनिक मौज्दातको आधारमा ब्याज गणना गरी त्रैमासिक रुपमा ब्याज प्रदान गरिने छ ।

(२) ◊योजना अन्तर्गत प्राप्त रकमको लगानीबाट भएको आम्दानीमा व्यवस्थापन शुल्क र आय आर्जन गर्दा लागेको वास्तविक खर्चहरु सोधभर्ना स्वरुप कट्टी गरी बाँकी रकममा दश प्रतिशत जोखिम लगानी जगेडा कोष र दश प्रतिशत सुरक्षा कोषलाई रकम छुट्याई बाँकी रकम सम्बन्धित सहभागीहरुलाई समानुपातिक हिसावले प्रतिफल बाँडिनेछ ।

(३) सुरक्षा कोषमा रकम नभएको अवस्थामा भुक्तानी दिनु पर्दा वास्तविक खर्च शिर्षकमा खर्च लेखि भुक्तानी दिनु पर्ने छ ।

१७. **<u>सहभागीहरुलाई सापटी तथा अन्य सुबिधाः</u>** (१) कोषले योजनाका सहभागी बचतकर्तालाई निजको नाममा जम्मा रहेको रकममा बढीमा ८० (असी) प्रतिशतसम्म सापटी प्रदान गर्न सकिनेछ । यसरी प्रदान गरिने सापटी रकमको प्रतिशत संचालक समितिले समय समयमा तोकिदिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि बचतकर्ता योजनामा सहभागी भएको अवधि पाँच वर्ष पुरा नभई त्यस्तो सापटी सुबिधा उपलब्ध गराइने छैन र एकपटक सापटी लिएको एक वर्ष व्यतित नभई पुनः अर्को सापटी दिइने छैन ।

(३) ◊उपदफा (१) बमोजिम सहभागी बचतकर्तालाई प्रदान गरिने सापटी रकमको ब्याजदर हिसाब गर्दा सहभागी बचतकर्तालाई निजले जम्मा गरेको रकममा प्रदान गरिने ब्याज दरभन्दा १.५ (एक दशमलव पाँच) प्रतिशतसम्म प्रिमियम थप गरी ब्याजदर कायम गरिने छ । सापटीमा लिने ब्याज रकम बार्षिक रुपमा गणना गरिनेछ ।

(४) ◊बचतकर्ताले सापटीको लागि निवेदन दिंदा अनुसूची १ बमोजिमको सापटी फाराम भरी सोमा उल्लेखित कागजात संलग्न राखी निवेदन दिनु पर्नेछ ।

(५) सहभागी बचतकर्ताले आफूले लिएको सापटी रकमको साँवा तथा ब्याज रकम तोकिएको बैंक खातामा जम्मा गरी कोषलाई जानकारी गराउन सक्नेछन ।

(६) ◊जुनसुकै कारणले बचतकर्ताको मुत्यु भएमा निजको अन्तिम संस्कारको लागि निजको नजिकको आश्रित परिवार सदस्य वा हकवालालाई बीस हजार रुपैयाँ एकमुष्ठ उपलब्ध गराइनेछ ।

(७) ◊बचतकर्ताले कोषद्वारा तोकिएको अस्पतालमा औषधी उपचार गर्दा लाग्ने खर्चमा छुट सुविधा प्राप्त गर्न सक्नेछन् ।

(८) *पेन्सन प्राप्त गर्नु अगाडी कर्जा तथा सापटी लिएको भए सोको साँवा र ब्याज रकम चुक्ता भएको हुनु पर्नेछ ।

(९) ◊वचत गरिरहेका योजनाका सहभागिहरुलाई दुर्घटना बीमा वापत देहाय बमोजिमको सुविधा उपलब्ध गराईने छ ।

**(क) दुर्घटना भई मृत्यु वा अङ्गभङ्ग भएमा क्षतिपूर्ति :**

(अ) यस कार्यक्रमका कुनै सहभागीको दुर्घटनामा परी मृत्यु भएमा वा अङ्गभङ्ग भएमा सहभागी वा निजको हकवालालाई क्षतिपूर्ति वापत रु.एक लाख रुपैयाँ भुक्तानी गरिनेछ । यस प्रयोजनका लागि दुर्घटना भन्नाले देहाय बमोजिमको दुर्घटनालाई जनाउँछ ।

(क) एकतर्फी आक्रमण वा दोहोरो लडाई वा युद्धमा परेर,

(ख) भीर/रुखबाट लडेर वा बाढी पहिरोमा परेर,

(ग) चट्याङ्ग, विजुलीको करेन्ट, विष्फोटन, सर्पको डसाई, आगलागी, जनावरको आक्रमण वा अन्य यस्तै दैवी विपत्तिमा परेर,

(घ) जल स्थल वा हवाई यातायात दुर्घटनामा परेर ।

(ङ) उपरोक्त अवस्थामा बाहेक अन्य दुर्घटनामा परी मृत्यु भएमा सञ्चालक समितिको निर्णय वमोजिम हुनेछ ।

(आ) यस प्रयोजनका लागि अङ्गभङ्ग भन्नाले देहायको अबस्थालाई जनाउँछ ।

(क) दुवै आँखा नदेख्ने भएमा

(ख) दुवै हात पूर्ण रुपले काम नलाग्ने भएमा

(ग) दुवै खुट्टा पूर्ण रुपले काम नलाग्ने भएमा

(घ) एउटा हात र एउटा खुट्टा पूर्ण रुपले काम नलाग्ने भएमा ।

(इ) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको कुनै एक अवस्था भएको पाईएमा उपदफा (१) (क) (अ) वमोजिमको क्षतिपूर्ति रकम भुक्तानी दिईने छैन ।

(क) कार्यक्रममा सहभागी भएको दुई वर्ष नपुगेको भएमा,

(ख) दुर्घटना हुनु भन्दा ६ महिना अघि देखी कोषमा रकम दाखिला नभएको पाईएमा,

(ग) दुर्घटना क्षतिपूर्ति लिने मनशायले कुनै घटना घटाईएको पाईएमा,

(घ) मृत्यु वा अङ्गभङ्ग भएको मितिले एक वर्ष भित्र दुर्घटना क्षतिपूर्ति रकम माग दाबी पेश नगरेमा,

(ङ) दुर्घटना क्षतिपूर्ति लिने मनशायले झुठो विवरण वा बनावटी प्रमाण पेश गरेको पाईएमा ।

(ई) दुर्घटना भई मृत्यु भएमा क्षतिपूर्ति रकम हकदाबी गर्दा देहायका कागजात सहित नजिकको हकवालाले कोषमा माग दाबीका साथ अनुसुची-२ वमोजिमको फारम भरी निवेदन दिनु पर्नेछ । यदि सहभागी, कोषद्धारा सञ्चालित अन्य योजनामा सहभागी भएमा यो सुविधा दोहोरो दाबी गर्न पाउने छैन ।

(क) सम्वन्धित प्रहरी कार्यालयबाट दुर्घटना भएको सम्वन्धमा प्रमाणित गरेको प्रतिवेदन,

(ख) मृत्यु दर्ता प्रमाणपत्र,

(ग) नाता प्रमाणितपत्र,

(घ) सम्वन्धित स्थानीय तहको सिफारिस पत्र,

(ङ) सम्वन्धित कार्यालयको सिफारिस पत्र,

(च) अङ्गभङ्ग भएको सहभागीको हकमा मान्यताप्राप्त चिकित्सकले प्रमाणित गरेको दुर्घटनाको कारण तथा अङ्गभङ्गको प्रकृति समेत खुलेको प्रतिवेदन,

(छ) सहभागी आफैले चलाएको सवारी साधन दुर्घटना भएको अवस्थामा निजको सवारी चालक अनुमति पत्रको प्रतिलिपी,

(ज) एक भन्दा वढी हकवाला भएमा कोषबाट क्षतिपूर्ति रकम भुक्तानी लिने व्यक्ति सम्वन्धित अन्य हकवालाको सहमतिमा तय भएको व्यहोरा सम्वन्धित वडाले प्रमाणित गरेको कागजात ।

(झ) कोषले प्रदान गरेको सहभागीको अवकाश कोष परिचयपत्र/राष्ट्रिय परिचयपत्र/नागरिकताको प्रतिलिपि,
(ञ) राष्ट्रिय परिचयपत्र र हकवालाको नागरिकताको प्रतिलिपि ।

(ख) **काजकिरिया खर्च :** यस योजनामा ६ महिना अघिसम्म रकम दाखिला गरिरहेका कुनै सहभागीको मृत्यु भएमा निजको हकवालालाई काजकिरिया खर्च वापत बीस हजार रुपैयाँ भुक्तानी दिईनेछ । यो अनुदान खर्च पाउन घटना भएको मितिले तीन महिना भित्रमा देहायका कागजात सहित नजिकको हकवालाले कोषमा माग दाबी गरी अनुसूची-३ वमोजिमको फारम भरी निवेदन दिनु पर्नेछ । यदि सहभागी, कोषद्धारा सञ्चालित अन्य योजनामा सहभागी भएमा यो सुविधा दोहोरो दाबी गर्न पाउने छैन ।

(क) सहभागी कुनै कार्यालयमा कार्यरत कर्मचारी भएमा सेवाकालमा मुत्यु भएको जानकारी सहित सम्वन्धित कार्यालयले दिएको सिफारिस पत्र ।
(ख) मृत्यु दर्ता प्रमाणपत्र,
(ग) नाता प्रमाणपत्र,
(घ) कोषले प्रदान गरेको सहभागीको परिचयपत्र/राष्ट्रिय परिचयपत्र/नागरिकताको प्रतिलिपि,
(ङ) हकवालाको नागरिकता र राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,
(च) एक भन्दा वढी हकवाला भएमा कोषबाट क्षतिपूर्ति रकम भुक्तानी लिने व्यक्ति अन्य हकवालाको सहमतिमा तय भएको व्यहोरा सम्वन्धित वडाले प्रमाणित गरेको कागजात ।

**१८. योजनामा प्राप्त रकमको लगानी :**

योजना अन्तर्गत प्राप्त भएको रकम कोषको लगानी नीति अनुसार लगानी गरी छुट्टै लेखांकन राख्नु पर्नेछ ।

**१९. योजनाको लेखाः**

(१) योजना अन्तर्गत प्राप्त रकम, त्यसको लगानी, लगानीमा प्राप्त आय समेत योजना अर्न्तगतको हिसाब किताब छुट्टै देखिने गरी लेखा राखिनेछ ।

(२) योजनाको प्रत्येक सहभागी कर्मचारीको निजले जम्मा गरेको रकम तथा कोषबाट प्रदान गरिएको प्रतिफल समेत देखिने गरी व्यक्तिगत विवरण सहितको हिसाब राखिनेछ ।

(३) सहभागीले कोषमा जम्मा गरेको रकम र त्यसको प्रतिफल कोषको Mobile Apps मार्फत हेर्न सक्नेछन ।

(४) उपदफा (३) बमोजिमको हिसाब विवरणमा कुनै फरक परी चित्त नबुझे सहभागी बचतकर्ताले त्यस्तो जानकारी प्राप्त गरेको एक महिनाभित्र कारण सहित कोषमा निवेदन दिन सक्नेछन ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा कोषले आवश्यक जांचबुझ गरी हिसाबमा कुन फरक भएको भए सो समेत मिलाइ दिनेछ । यदि कुनै फरक नदे खिएमा सोको जानकारी समेत सम्बन्धित बचतकर्तालाई दिइनेछ ।

## परिच्छेद : ४

## विविध

२०. **प्रबर्द्धनात्मक सुविधा:** न्यासधारी समितिले सहभागी बचतकर्ताहरुलाई प्रबर्द्धनात्मक सुविधा उपलब्ध गराउने सम्बन्धमा नीतिगत व्यवस्थाका लागि समिति समक्ष पेश गर्नेछ ।

२१. **सहभागीको व्यवसाय/ठेगाना परिवर्तन भएमा जानकारी दिनुपर्ने :** कुन सहभागी बचतकर्ताको व्यवसाय वा ठेगाना परिवर्तन भएमा सोको जानकारी कोषलाई दिनु पर्नेछ ।

२२. **कार्यविधिमा संशोधन :**

यस कार्यविधिमा उल्लेखित नियमहरु समितिले आवश्यकता अनुसार संशोधन तथा थपघट गर्न सक्नेछ र त्यस्तो संशोधनको व्यहोरा राष्ट्रिय स्तरको पत्रपत्रिकामा तथा कोषको website मा प्रकाशित गरी सम्बन्धित सहभागीलाई जानकारी दिइनेछ ।

२३. **खारेजी : (१)** कोष विघटन भई वा अन्य कुनै कारणले प्रचलित कानून बमोजिम योजना संचालन गर्न नसकिने भई वा अन्य कुनै कारण परी योजना खारेज वा बन्द गर्नु परेमा सोको सार्वजनिक सूचना पकाशित गरी कोषले योजना खारेज वा बन्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना खारेज वा बन्द गर्नु परेमा कम्तीमा तीन महिनाको अग्रिम सूचना दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम योजना खारेज वा बन्द भएकोमा त्यसरी योजना खारेज वा बन्द हुँदाको मितिसम्म बचतकर्ताले योजना अन्तर्गत कोषमा जम्मा गरेको रकम, त्यसमा कोषले प्रदान गरेको ब्याज तथा प्रतिफल समेत एकमुष्ट रकम योजना बन्द भएको तीन महिनाभित्र सम्बन्धित बचतकर्ता वा निजको कानून बमोजिमको हकदारलाई दिइनेछ ।

२४. **योजना सम्बन्धी अन्य व्यवस्था :** यस कार्यविधिमा लेखिए बाहेक योजना सम्बन्धी अन्य व्यवस्था ऐन, विनियमावली र प्रचलित कानून बमोजिम हुनेछ ।

२५. ◊**बाधा अडचन फुकाउ :** यस कार्यविधिको कार्यान्वयन गर्दा वा यस कार्यविधि बमोजिम योजना संचालन तथा व्यवस्थापन गर्दा यस कार्यविधिमा लेखिएका कुनै कुराले बाधा अडकाउ पर्न गएमा कोषको संचालक समितिले योजनाको उद्देश्यको प्रतिकूल नहुने गरी प्रचलित कानूनको अधिनमा

रही आवश्यक आदेश वा सूचना जारी गरी त्यस्ता बाधा अडकाउ फुकाउन सक्नेछ । तर, कोषको व्यवस्थापनले आवश्यक निर्णय गरी यस कार्यविधिका अनुसूचीहरु हेरफेर गर्न सक्नेछ ।

२६. **व्याख्या गर्ने अधिकार** : कार्यविधिमा उल्लेख भएका विषयमा दुविधा भएमा त्यसको व्याख्या गर्ने अधिकार संचालक समितिमा निहित हुने छ ।

**अनुसुची १**

**नागरिक लगानी कोष**

नयाँ बानेश्वर, काठमाडौं।

**(नागरिक पेन्सन योजना ८०% ऋण सापटी फारम)**

दर्ता नं. ........................ दर्ता मिति ....................... दस्तखत ......................

**बिषय : नागरिक पेन्सन योजना ८०% ऋण सापटी आवेदन**

मलाई नागरिक पेन्सन योजनामा जम्मा भएको रकमबाट नागरिक पेन्सन योजना संचालन कार्यविधि, २०७६ अनुसार सापटी सुविधा व्यवस्था अन्तर्गत सापटी लिने ईच्छा भएकोले सापटी उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।मैले यस पूर्व सरल कर्जा/शैक्षिक कर्जा/आवास कर्जा/बिशेष सापटी लिएको छु/छैन।उल्लेखित विवरण सही साँचो छ।अन्यथा भएमा म स्वंय जिम्मेवारी हुनेछु ।

नाम थर

परिचयपत्र नं. मोवाईल नं.

बाबुको नाम पान नं.

रकम जम्मा गरिदिने बैंक खाताको विवरण

Bank A/C No Bank Name: ......................................

Applicant's Name (BLOCK LETTER) Branch……………

**नोट** : विशेष सापटी लिएको रकम बार्षिक ..... प्रतिशत वा कोषको सहभागी/कर्मचारी सापटी नियम बमोजिम समय समयमा कोषले तोके बमोजिमको थप .... प्रतिशत ब्याज बुझाउन तिर्न मञ्जुरी छ। सहभागी/कर्मचारीले तिर्नुपर्ने सापटीको ब्याज प्रत्येक आर्थिक बर्ष अर्थात् असार मसान्त भित्र बुझाउनुपर्ने उक्त अवधि भित्र ब्याज नबुझाए कर्मचारीको ब्याज रकम साँवा रकममा समावेश गरिने छ।अवकाश समयमा मैले लिएको ऋण सापटी रकम बाँकी रहेमा उक्त रकम मेरो पेन्सन कोषको रकमबाट असुल उपर गर्न तथा कोषको नियमानुसार हिसाब मिलान गर्न समेत मेरो मञ्जुरी छ । साथै माथि उल्लेखित मेरो बैक खाता सम्बन्धि जानकारी सही छ।फरक परेमा म आफै जिम्मेवार हुनेछु ।अनलाईन रकम ट्रान्सफर (IPS) गर्दा लाग्ने आवश्यक शुल्क मेरो बैंक खाताबाट कट्टी गर्न समेत म मञ्जुर छु ।

**नोट :कोषले उपलब्ध गराएको दुवै साईड देखिने गरी खिचिएको परिचयपत्रको प्रतिलिपी अनिवार्य सलग्न गर्नु पर्नेछ ।** **रेखात्मक सही**

**ऋण माग गर्ने सहभागीको दस्तखत** ...................................

**सहभागीको सम्बन्धित कार्यालयले भर्ने (यदी कर्मचारी भएमा):**

यस कार्यालयको आवेदक दर्जा ...................... परिचयपत्र नं. ........................... का श्री .................................... ....... ले यस सापटी आवेदन पत्रमा मेरा रोहवरमा रेखात्मक र लेखात्मक सहीछाप गर्नु भएको हो । निजले **लिन चाहेको रकम ........................ अक्षरेपी** ...................................................................................... कोषकट्टी जम्मा गरेको **५** बर्ष पुगिसकेकोले कोषको नियमनुसार सापटी उपलब्ध गराई दिनुहुन सिफारिस गर्दछु ।साथै, कोषको नियमानुसार सो सापटी रकमको हिसाब मिलान गर्न यस कार्यालयको मन्जुरी छ ।

**कार्यालय प्रमुखको** **कार्यालयको छाप**

दस्तखत :

नाम थर : दर्जा :

ना.ल कोष परिचय पत्र नं :

कार्यालयको नाम, ठेगाना :

**कार्यक्रम शाखाले भर्ने**

जम्मा कोष रकम ............................ पुरानो सापटी (साँवा ब्याज) रु ........... ......... बाँकी मौज्दात रकम रु .............................. कोषको नियमानुसार उपलब्ध हुने सापटी रु ................................ (अक्षरेपी ....... ................................. ..... ....... ....................................... ....... ....................................)

............ ................ ..............

तयार गर्ने प्रमाणित गर्ने स्वीकृत गर्ने

अनुसुची २

**नागरिक लगानी कोष**

नयाँ बानेश्वर, काठमाडौं।

**(दुर्घटना मृत्यु वा अङ्गभङ्ग क्षतिपूर्ति दाबी फारम)**

दर्ता नं. .......................... दर्ता मिति ......................... दस्तखत .......................

**नागरिक लगानी कोष**

.......... .......... .......... ।

**बिषय : दुर्घटना मृत्यु वा अङ्गभङ्ग क्षतिपूर्ति पाँऊ ।**

नागरिक पेन्सन योजनामा सहभागी परिचयपत्र नं ... ...... ......... भएका श्री .. ... .. ............ .......... .......... को मिति ..... ..... गतेका दिन .. .... .... कारण दुर्घटना भई मृत्यु / अङ्गभङ्ग भएकोले निजको नजिकको हकवाला म .. .... .... ...... .... ले कोष समक्ष नियमानुसार दुर्घटना भई मृत्यु / अङ्गभङ्ग क्षतिपूर्ति रकम भुक्तानी पाउनको लागि यो फारम भरी पेश गरेको छु । मैले पेश गरेको कागजात /उल्लेखित/ विवरणहरु सही, साँचो छ । झुठो ठहरे, अन्यथा भएमा म स्वंय कोषको नियम तथा प्रचलित नेपाल कानून वमोजिम जिम्मेवार हुनेछु ।

सहभागीको नाम थर :

परिचयपत्र नं. कार्यालयको नाम:

बाबुको नाम:

दावी गर्ने हकवालाको नाम थर:

मृत्तक /अङ्गभङ्ग भएको सँगको नाता सम्वन्ध: पान नं. मोवाईल नं.

सहभागी / हकवालाको ठेगाना:

**रकम जम्मा गरिदिने बैंक खाताको विवरण**

Bank A/C No | | | | | | | | | | | | | | | | | | | | Bank Name: ..................

Applicant's Name (BLOCK ETTER) | | | | | | | | | | | | | | | | | | | | | | | | | | Branch ...............

**रेखात्मक सही**

| दाँया | बाँया |
|---|---|
| | |

**कोषको सहभागी वा निजको हकवालाको दस्तखत** ..................................

**मागदावी गर्दा पेश गर्नु पर्ने कागजातहरु:**

(क) सम्वन्धित प्रहरी कार्यालयबाट दुर्घटना भएको सम्वन्धमा प्रमाणित गरेको प्रतिवेदन,

(ख) मृत्यु दर्ता प्रमाणपत्र,

(ग) नाता प्रमाण पत्र,

(घ) सम्वन्धित स्थानीय तहको सिफारिस पत्र,

(ङ) सम्वन्धित कार्यालयको सिफारिस पत्र,

(च) अङ्गभङ्ग भएको सहभागीको हकमा मान्यताप्राप्त चिकित्सकले प्रमाणित गरेको दुर्घटनाको कारण तथा अङ्गभङ्गको प्रकृति समेत खुलेको प्रतिवेदन,

(छ) सहभागी आफैले चलाएको सवारी साधन दुर्घटना भएको अवस्थामा निजको सवारी चालक अनुमति पत्रको प्रतिलिपी,

(ज) एक भन्दा वढी हकवाला भएमा कोषबाट क्षतिपूर्ति रकम भुक्तानी लिने व्यक्ति सम्वन्धित अन्य हकवालाको सहमतिमा तय भएको व्यहोरा सम्वन्धित वडाले प्रमाणित गरेको कागजात ।

(झ) कोषले प्रदान गरेको सहभागीको परिचयपत्र/राष्ट्रिय परिचयपत्र/नागरिकताको प्रतिलिपि,

(ञ) हकवालाको राष्ट्रिय परिचयपत्र/नागरिकताको प्रतिलिपि ।

**नोट :** माथि उल्लेखित मेरो बैक खाता सम्बन्धि जानकारी सही छ। फरक परेमा म आफै जिम्मेवार हुनेछु ।अनलाईन रकम ट्रान्सफर (IPS) गर्दा लाग्ने आवश्यक शुल्क मेरो बैंक खाताबाट कट्टी गर्न समेत म मञ्जुर छु ।

<u>पेन्सन शाखाले भर्ने</u>

अवकाश कोषमा सहभागी प प नं .................. को सहभागी/हकवाला श्री .............. ............. ले पाउने रकम रु ....................... (अक्षरेपी ....... ................................ ..... ....... ........................ ....... ...................................)

| ............ | ................ | ............... |
|---|---|---|
| तयार गर्ने | प्रमाणित गर्ने | स्वीकृत गर्ने |

**अनुसुची ३**

**नागरिक लगानी कोष**

**(<u>काजकिरिया खर्च दाबी फारम</u>)**

दर्ता नं. ........................ दर्ता मिति ........................ दस्तखत .......................

श्री नागरिक लगानी कोष

.......... .......... .......... ।

**बिषय : <u>काजकिरिया खर्च पाँऊ ।</u>**

नागरिक पेन्सन योजनामा सहभागी परिचयपत्र नं ......... ..... .... भएको श्री .... ... ............ .......... .......... को मिति .... ..... . गतेका दिन . .... ..... कारण असामयिक मृत्यु भएकोले निजको नजिकको हकवाला म ...... ... .... ...... ले यो फारम भरी कोष समक्ष नियमानुसार काजकिरिया खर्च रकम भुक्तानी पाउनको लागि पेश गरेको छु । मैले पेश गरेको कागजात /उल्लेखित/ विवरण सही साँचो छ। झुठा ठहरे, अन्यथा भएमा म स्वंय कोषको नियम तथा प्रचलित नेपाल कानून वमोजिम जिम्मेवार हुनेछु ।

सहभागी मृत्तकको नाम थर:

परिचयपत्र नं.: कार्यालयको नाम :

बाबुको नाम:

दावी गर्ने हकवालाको नाम थर:

मृत्तक सँगको नाता सम्वन्ध: पान नं. हकवालाको मोवाईल नं. :

हकवालाको ठेगाना:

सहभागीको मृत्यु भएको मितिः ......... ..... ....

**रकम जम्मा गरिदिने बैंक खाताको विवरण**

Bank A/C No | | | | | | | | | | | | | | | | | | | | | | Bank Name: ..................

Applicant's Name (BLOCK LETTER) | | | | | | | | | | | | | | | | | | | | | | | | | | Branch ……………

**रेखात्मक सही**

| | |
|---|---|
| | |
| दाँया | वाँया |

**<u>काजकिरिया खर्च दाबी गर्ने हकवालाको दस्तखत:</u>** .................................

**<u>मागदाबी गर्दा पेश गर्नु पर्ने कागजातहरुः</u>**

(क)सहभागीको सेवाकालमा मुत्यु भएको जानकारी सहित सम्वन्धित कार्यालयले दिएको सिफारिस पत्र,

(ख) मृत्यु दर्ता प्रमाणपत्र,

(ग) नाता प्रमाण पत्र,

(घ) कोषले प्रदान गरेको सहभागीको अवकाश कोष परिचयपत्र / राष्ट्रिय परिचयपत्र/ नागरिकताको प्रतिलिपि,

(ङ) हकवालाको राष्ट्रिय परिचयपत्र/ नागरिकताको प्रतिलिपि,

(च) एक भन्दा वढी हकवाला भएमा कोषबाट क्षतिपूर्ति रकम भुक्तानी लिने व्यक्ति अन्य हकवालाको सहमतिमा तय भएको व्यहोरा सम्वन्धित वडाले प्रमाणित गरेको कागजात ।

**नोट :** माथि उल्लेखित मेरो बैक खाता सम्बन्धि जानकारी सही छ। फरक परेमा म आफै जिम्मेवार हुनेछु ।अनलाईन रकम ट्रान्सफर (IPS) गर्दा लाग्ने आवश्यक शुल्क मेरो बैंक खाताबाट कट्टी गर्न समेत म मञ्जुर छु ।

| | | |
|---|---|---|
| **<u>कार्यक्रम शाखाले भर्ने</u>** | | |
| हकवाला श्री ........................... . ले पाउने रकम ........................... (अक्षरेपी ...... ................................ ..... ....... ........................................ ....... ....................................) | | |
| .............<br>तयार गर्ने | ................<br>प्रमाणित गर्ने | ...............<br>स्वीकृत गर्ने |

***